# मार्मा गाउँपालिका राजपत्र

**खण्डः ९** **संख्याः१०** **मितिः२०८२/०७/२८**

**भागः २**

# विशेष अनुदान पशुपालन प्रवर्धन कार्यविधि, २०८२

गाउँ सभामा पेश मितिः २०८२/०७/२८
गाउँ सभाबाट पारित मितिः २०८२/०७/२८
प्रमाणिकरण मितिः २०८२/०७/२८
राजपत्रमा प्रकाशित मितिः२०८२/०७/२८

**मार्मा गाउँपालिका**
**लटिनाथ दार्चुला**
**सुदूरपश्चिम प्रदेश नेपाल**

# पशु पालन प्रवर्धन विशेष अनुदान कार्यक्रम सन्चालन कार्यविधि २०८२

प्रस्ताव : अन्तरसरकारी विपत व्यवस्थापन ऐन २०७४ को दफा ११ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्टिय प्राथमिकता प्राप्त,दुध,माछा,मासु अण्डा र उन लगायतका पशुजन्य उत्पादनमा आत्मनिर्भर हूने तुलनात्मक लाभका बस्तुहरु निर्यात गर्ने लक्ष्य प्राप्तिमा उपयोग गर्न र स्थानीय तहको समन्वय आवश्यक छ। पशुपन्छी तथा मत्स्य प्रवर्दन कार्यक्रमलाई सुचारु रुपले सञ्चालन गरी अपेक्षीत प्रतिफल प्राप्त गर्न व्यवसायीक पशुपंक्षी पालन नश्ल सुधार गरी उत्पादन उत्पादकत्व वृद्दि गरी आर्थिक तथा स्वरोजगार अवसर सृजना र सहयोग पुर्याउने उद्देश्यले यो पशुपन्छी तथा मत्स्य प्रवर्दन कार्यक्रम सञ्चालन कार्यविधी २०८२  कार्यविधि प्रारम्भ हुनेछ ।

## परिक्षेद – १

## प्रारम्भिक

**१. संक्षीप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम विशेष अनुदान पशुपालन प्रवर्धन कार्यविधि २०८२ रहेको छ ।

यो कार्यविधि मार्मा गाउँपालिका बाट स्वीकृत भएको दिन देखी लागु हुनेछ ।

**२ परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा पशुपालन प्रवर्धन विशेष अनुदान कार्यक्रम कार्यविधि सन्चालन निम्न अनुसार कार्यक्रमलाई सम्झनु पर्छ ।

(क) "कार्यक्रम"  भन्नाले पशुपालन प्रवर्धन विशेष अनुदान सम्झनुपर्छ ।

(ख) "कार्यविधि"  भन्नाले विशेष अनुदान पशुपालन प्रवर्धन सन्चालन कार्यविधि २०८२ सम्झनु पर्छ ।

(ग) "कार्यालय"  मार्मा गाउँ कार्य पालिकाको कार्यालय लटिनाथ दार्चुला ।

(घ) "शाखा" सम्बन्धित विषयगत शाखा पशुपंक्षी शाखा सम्झनु पर्छ ।

(ङ) "पशुपालन विशेष अनुदान" भन्नाले पशुपंक्षी पालन गरी उत्पादन हुने दुध,दही,घिउ,मासु,लस्सी,मह पशुपंक्षी बाट उत्पादन हुने बस्तु सम्झनुपर्छ । (अन्तर सहकारी वित्त सरकारी व्यवस्था ऐन २०७४ को दफा ११ को विशेष अनुदान सम्झनु पर्छ।)

(च) "अनुदान भन्नाले" विशेष अनुदान पशुपालन प्रवर्धन सम्झनुपर्छ ।

(छ) "अनुग्राही भन्नाले" यस कार्यविधि वमोजिम सन्चालन हुने कार्यक्रममा सहभागी हुन दर्ता वा सुचिकृत ईच्छुक कृषक वा फर्म,कृषक समुह,सहकारी संस्था सोही प्रकृतिका संस्था सम्झनु पर्छ ।

## परिच्छेद – २

## कार्यक्रमको व्यवस्थापकीय पक्ष र सञ्चालन विधि एवम् प्रकृया

### १. विशेष अनुदान प्रदान गरिने क्षेत्र र आधार

(१) आर्थिक सामाजिक अन्य कुनै प्रकारको विभेद परेका वर्ग वा लक्षित बर्गको (कृषक समुह समिति) विकासको लागी लक्षीत गरी सन्चालन गरिने उत्पादन र उत्पादकत्व वृद्दि आय आर्जन तथा जीविकोपार्जनमा सुधार गरी स्वरोजगार सृजना गरी आत्म निर्भर र उपभोग तथा बजारिकरणको सुनिस्चितता हुने गरी कार्यक्रम संचालन गर्ने ।

(२) बिशेष अनुदान छनौट गर्दा दोहोरोपना तेहोरोपना नपर्ने गरी छनौट गरिने ।

(३) विगतमा अनुदान प्राप्त नगरेका लाभग्राहिलाई प्राथमिकता दिईनेछ ।

(४) व्यवसायसित लक्षित बगर्गलाई स्थलगत अनुगमन गरी प्रतिवेदनको आधारमा छनौट गरिने ।

## २.विशेष अनुदान प्रदान नगरिने

यस कार्यविधिमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि देहायका विषय वा प्रकृतिको आयोजना वा कार्यक्रमको लागी स्थानिय तहलाई विशेष अनुदान नेपाल सरकारको कार्यविधि अनुसार अनुदान प्रदान गरिने छैन ।

(१) तलब भत्ता ऋण भुक्तानि लगाएतका साधारण खर्च ।

(२) कुनै राजनितिक वा धार्मिक समुह हित वा स्वार्थ ।

(३ )वातावरणमा प्रतिकुल असर पार्ने प्रवृतिको ।

## ३.अनुदान रकम निकास तथा खर्च प्रकृया

(१) विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमका लागी अनुदान प्राप्त भएको हो सो आयोजनामा मात्र खर्च गर्नु पर्ने छ ।

(२) विशेष अनुदान प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने कार्यक्रममा खर्च गर्न पाईने छैन ।

(३ ) दफा ३ को उपदफा २ मा जे सुकै भएता पनि पुर्वाधार निर्माण वाहेक प्रचलित सार्बजनिक खरिद कानुन बमोजिमको सिमा भित्रको कार्यक्रमको हकमा उत्पादन तथा उत्पादकत्व वृद्दि आए आर्जन तथा जीविकोपार्जन सम्बन्धी कार्यक्रम कार्यानयनको लागी प्रचलित खरिद कानुनको बजेट सिमाको परिधि भित्र रहने गरी कृषक फर्म समुह समिति सहकारी जस्ता सामाजिक परिचालनको माध्यमबाट गठन भई स्थानीय तहमा सुचिकृत समुदायीक सस्थालाई परिचालन गर्न सकिने छ । सो प्रयोजनको लागी ।स्थानीय तहमा रहेका फर्म,कृषक समुह,सामाजिक परिचालक वा उत्प्रेरकको समेत सहयोग लिन सकिने छ ।

(४) स्थानीय तहले प्राप्त गरेको विशेष अनुदान वाफतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ ।

(५) स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा आन्तरीक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी र सार्बजनिक खरिद सम्बन्धी प्रचलित कानुनको अधिनमा रहि मितव्ययी तथा पारदर्शि किसिमले विधुतिय प्रणालि मार्फत भुक्तानी गर्नु पर्नेछ ।

(६) विशेष अनुदानबाट भएको खर्चको प्रचलित कानुन बमोजिम आन्तरीक र अन्तिम लेख परिक्षण गराउने दायीत्व स्थानिय तहको रहनेछ ।

## ४. अनुदानको सीमा तथा खर्चः

(१) यस कार्यविधि बमोजिमका क्रियाकलाप सञ्चालन गर्दा लागत अनुमानको आधारमा देहाय बमोजिम अनुदान सीमाभित्र रही सञ्चालन गर्नुपर्नेछ।

(क) पूर्वाधार निर्माण तथा औजार उपकरण खरिदमा लागत अनुमानको बढीमा ५० प्रतिशतसम्म अनुदान।

(ख) व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्पादन सामग्री (पशु नस्ल,प्रजननको लागी वोका, विरुवा, वेर्ना, र घाँसको बीउ लगायत। खरिदमा बढीमा असी (८०) प्रतिशत अनुदान  र सेवा ग्रहिको तर्फ बाट (२०) प्रतिशत गरी जम्मा (१००) प्रतिशत मानिने छ।

(२) कार्यक्रम सञ्चालन गर्दा अन्य खर्च सम्बन्धी विषय प्रचलित कानून र खर्च सम्बन्धी स्वीकृत मापदण्डको अधिनमा रही गर्नु पर्नेछ।

**५. प्रस्ताव आव्हानः** (१) सम्बन्धित कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा एक्काइस (२१) दिनको समय सीमा तोकी सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्नु पर्नेछ। सूचनामा अनुसूची-२ बमोजिमको लाभग्राही छनौट सम्बन्धी मापदण्डको बारेमा समेत सुसूचित गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको प्रस्ताव मागको सूचना सम्बन्धित कार्यालय र वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने, वेवसाईटमा राखे र आवश्यकता अनुसार एफ.एम. रेडियो वा स्थानीय पत्रिकामा समेत सार्वजनिक गर्न सकिनेछ ।

**६. आवेदन पेश गर्ने तथा लाभग्राही सूचीकरणः** (१) दफा ५ बमोजिमको सूचनाको अधिनमा रही लाभग्राहीले अनुसूची-४ बमोजिमका ढाँचामा तोकिएका कागजात समेत संलग्न गरी निवेदन र अनुसूची-५ बमोजिमको ढाँचामा संक्षिप्त कार्ययोजना सहित आवेदन पेश गर्नुपर्नेछ ।

(२) सम्वन्धित कार्यालयले रितपूर्वक प्राप्त आवेदनका आधारमा ईच्छुक लाभग्राहीको सूची तयार गर्नुपर्नेछ।

**७.सम्झौता गर्नुपर्नेः** (१) छनौट भएका प्रस्तावको कार्यान्वयनका लागि सम्बन्धित आवेदकसँग कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौता अनुसार कार्य सम्पादन गर्नु लाभग्राहीको दायित्व हुनेछ।

## ८. प्रस्ताब छनौट तथा सिफारिस समिति

**(१)** विशेष अनुदान गाउँपालिका बाट कार्यक्रम कार्यानयन बमोजिम प्राप्त हुन आएका प्रस्ताव मध्ये उपयुक्त प्रस्ताव छनौट गरी सिफारिस तथा प्रस्ताव छनैट देहाय बमोजिमको कार्यक्रम तपशिलको सिफारिस समिति रहने छ ।

<u>तपशिल</u>

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अभिकृत | (अध्यक्ष संयोजक) |
| २. योजना शाखा | (सदस्य) |
| ३. प्राविधिक शाखा प्रशासन | (सदस्य) |
| ४. आर्थिक शाखा | (सदस्य) |
| ५. पशु सेवा शाखा प्रमुख | (सदस्य सचिव) |

(२) समितिको बैठक कार्यविधि बमोजिम हुनेछ ।

## ९. तालिम, भ्रमण, गोष्ठी र अनुगमनः

(१) लाभग्राहीलाई प्राविधिक ज्ञान र सीप प्रदान गर्न कार्यालयले तोकिएको कार्यक्रमसँग सम्बन्धित तालिम, भ्रमण, गोष्ठी, अनुगमन तथा मुल्याङ्कन लगायतका प्राविधिक तथा प्रशासनिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका क्रिर्याकलाप सञ्चालन गर्दा तोकिएको कार्यक्रममा विनियोजित कूल बजेटको बढीमा पाँच (५) प्रतिशत सम्म खर्च गर्नुपर्नेछ।

## १०. औषधि तथा खोप खरिद सम्बन्धी क्रियाकलापः

(१) अनुसूची-१ को क्र.सं. ८ र ९ बाहेकको कार्यक्रमहरुका लागि औषधि तथा खोप खरिद क्रियाकलाप सञ्चालन गर्न आवश्यक भएमा विनियोजित बजेटको बढीमा बीस (२०) प्रतिशत सम्म खर्च गर्नु सक्नेछ।

## ११.प्रतिवेदन पेश गर्नुपर्ने

(१) कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धित कार्यालयले वार्षिक रुपमा स्थानीय तह विभागको योजना तथा अनुगमन शाखामा तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ।

(२) विभागले आवश्यकता अनुसार थप विवरणहरु माग गर्न सक्नेछ र सो विवरणहरु उपलब्ध गराउने दायित्व सम्बन्धित कार्यालयको हुनेछ।

**१२.बीमा गर्नुपर्नेः** यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्ने लाभग्राहीले पशुपन्छी तथा मत्स्य बीमा गर्नु पर्नेछ।

**१३.अनुदानको दुरुपयोग गर्न नहुनेः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीले प्राप्त अनुदानको दुरुपयोग गरेको वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

**१४. दोहोरो सुविधा लिन नपाउनेः** लाभग्राहीले तोकिएको कार्य गर्नका लागि एक भन्दा बढी निकाय वा तहबाट अनुदान प्राप्त गर्नु हुँदैन। तर अन्य साझेदारसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख भएको अवस्थामा दोहोरो नहुने गरी क्षमता विस्तारका लागि अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

**१५. अनुगमन र मूल्याङ्कनः**

(१) संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायबाट संयुक्त वा छुट्टाछुट्टै रुपमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ। अनुगमन तथा मूल्याङ्कन गर्दा आवश्यकता अनुसारसम्बन्धित सरोकारवालालाई समेत सहभागी गराउन सकिनेछ।

(२) अनुगमनको क्रममा दिइएका निर्देशनको पालना गर्नु सम्बन्धित कार्यालय र लाभग्राहीको कर्तव्य हुनेछ।

(३) विभागले प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा सञ्चालित कार्यक्रमहरुको वार्षिक समिक्षा गर्नुपर्नेछ।

(४) अनुगमन र मूल्याङ्कनको आधारमा मन्त्रालय तथा विभागले सालबसाली रुपमा कार्यक्रम तर्जुमा, कार्यान्वयन र आवश्यक निर्देशन दिन सक्नेछ ।

## अनुसुचि – १
## (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)
## संघिय मन्त्रालय मार्फत स्थानिय तहमा सञ्चालन हुने विशेष अनुदान कार्यक्रम

| क्र.स. | कार्यक्रम | क्रियाकलाप |
|---|---|---|
| १ | भेडा प्रवर्धन कार्यक्रम | भेडाको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र भेडाजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) भेडा थुमा खरिद तथा ढुवानी<br>(ख) गोठ निर्माण / सुधार तथा मलमुत्र व्यवस्थापन<br>(ग) चरन खर्क/आहार व्यवस्थापन<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य<br>(ङ) पशु पहिचान तथा अभिलेखिकरण गर्ने<br>(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरु<br>(छ) स्थानीय स्तरमा उन उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामग्री। |
| २ | बाख्रा प्रवर्धन | वाख्राको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र बाख्राजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।<br>(क) बाख्रा वा बोका खरिद तथा ढुवानी<br>(ख) गोठ निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन<br>(ग) चरन खर्क वा आहार व्यवस्थापन<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्यमा |

| | | |
|---|---|---|
| | | (ङ) पशु पहिचान तथा अभिलेखिकरण<br>(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरु<br>(छ) स्थानीय स्तरमा मासु उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामग्री। |
| ३ | गाई/भैसी प्रवर्द्धन कार्यक्रम | गाई भैसीको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र गाईभैसीजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) गोठ निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन<br>(ख) चरन खर्क वा आहार व्यवस्थापन<br>(ग) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्यमा<br>(घ) पशु पहिचान तथा अभिलेखिकरण<br>(ङ) जैविक सुरक्षा सम्बन्धी कार्यहरु<br>(च) स्थानीय स्तरमा दूध उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामग्री। |
| ४ | चरन खर्क सुधार कार्यक्रम/ खर्क सुधार | चरन खर्कहरुको संरक्षण तथा प्रवर्द्धन मार्फत तिनमा आस्रित पशु आनुवाशिंक स्रोतको संरक्षण, सम्बर्द्धन र दिगो उपभोग गर्दै स्थानीय समुदायको जीविकोपार्जन सुधार, जलवायु परिवर्तनले पारेको असर न्यूनिकरण र पर्यटन प्रवर्द्धन गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।<br>(क) स्थानीय चरन खर्कमा भएका स्थानीय तथा उन्नत जातका घाँस प्रवर्द्धनका लागि बीउ, मलको व्यवस्थापन, |
| ५ | बाखा स्रोत केन्द्र कार्यक्रम | बाख्राको आनुवाशिंक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्दै उच्च प्रजननमान भएका नस्लहरुको उत्पादन तथा वितरण गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रममा सहभागी हुन लाभग्राहीसँग न्युनतम् २० वटा प्रजनन्योग्य माउ बाख्खा भएको हुनुपर्नेछ।<br>(क) उच्च प्रजनन् मान भएका बाख्खा खरिद तथा ढुवानी गर्ने,<br>(ख) जलवायुमैत्री खोर निर्माण तथा सुधार,<br>(ग) घाँसेवाली तथा आहार व्यवस्थापन तथा चरन खर्क सुधार,<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,<br>(ङ) पशुको पहिचान तथा अभिलेखिकरण गर्ने |
| ६ | भेडा स्रोत केन्द्र | भेडाको आनुवाशिंक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्दै उच्च प्रजननमा भएका नस्लहरुको उत्पादन तथा वितरण गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रममा सहभागी हुन लाभग्राहीसँग न्युनतम् २० वटा प्रजनन्योग्य माउ भेडा भएको हुनुपर्नेछ।<br>(क) उच्च प्रजनन् मान भएका थुमा खरिद तथा ढुवानी गर्ने,<br>(ख) जलवायुमैत्री खोर निर्माण तथा सुधार,<br>(ग) घाँसेवाली तथा आहार व्यवस्थापन तथा चरन खर्क सुधार,<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,<br>(ङ) पशुको पहिचान तथा अभिलेखिकरण गर्ने |
| ७ | घाँसेबाली स्रोत कार्यक्रम | घाँसको आनुवाशिंक स्रोत संरक्षण, प्रवर्द्धन तथा उचित सदुपयोग गर्दै पशु आहाराको माग पूर्तिका लागि घाँस उत्पादन र वितरण गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलाप गर्न सकिनेछ। यस कार्यक्रममा सहभागी हुन लाभग्राहीसँग |

| | | |
|---|---|---|
| | | न्युनतम् घाँस रोप्ने प्रयोजनको लागि न्यूनतम २ रोपनी जग्गा भएको हुनुपर्नेछ।<br>(क) घाँसेबाली नर्सरी व्यवस्थापन, प्लट व्यवस्थापन,<br>(ख) घाँसेबाली उत्पादनका लागि आवश्यक संरचना निर्माण/सुधार, तारबार, सिचाई व्यवस्थापन,<br>(ग) घाँसेबाली बीउ उत्पादन तथा प्रमाणीकरण,<br>(घ) घाँसेवाली बीउ प्याकेजिङ्ग सामग्री तथा मेसिनरी औजार व्यवस्थापन, |
| ८. | पशुपन्छीमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम / महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम | यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।<br>(क) औषधि खरिद र उपचार कार्य,<br>(ख) खोप व्यवस्थापन कार्य,<br>(ग) नमूना सङ्कलन तथा सम्प्रेषण,<br>(घ) आउटब्रेक अन्वेषण तथा व्यवस्थापन,<br>(ङ)इपिडेमियोलोजिकल सूचना सङ्कलन तथा http://www.nahis.dls.gov.np (National Animal Health Information System; NAHIS) मार्फत प्रविष्टि तथा प्रेषण। |
| ९. | कुकुरमा रेबिज नियन्त्रण कार्यक्रम/रेबिज नियन्त्रण कार्यक्रम | घरपालुवा, सामुदायिक तथा छाडा कुकुरमा रेबिज रोग नियन्त्रण गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।<br>(क) स्थानीय तहमा गैर-सरकारी क्षेत्रमा रेविज नियन्त्रणमा कार्यरत सङ्घ-संस्थाको अभिलेखीकरण,<br>(ख) सामुदायिक तथा छाडा कुकुर गणना गरी म्यापिङ,<br>(ग) घरपालुवा कुकुरको दर्ता अभिलेखीकरण तथा प्रमाणीकरण,<br>(घ) सामुदायिक तथा छाडा कुकुरको सङ्ख्या नियन्त्रण,<br>(ङ) स्थानीय तहमा स्वास्थ्य क्षेत्रमा कार्यरत सरोकारवालासँग रेबिज नियन्त्रणको लागि अन्तरक्रिया,<br>(च) रेबिज रोग नियन्त्रण सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन,<br>(छ) रेबिज रोग सर्भिलेन्स, नमूना प्रेषण तथा रिपोर्टिङ र खोप कार्य<br>(ज) रेविज रोग सम्बन्धी जनचेतनामूलक सामग्री प्रकाशन, प्रशारण तथा सञ्चालन गर्ने। |

संघीय मन्त्रालय मार्फत स्थानीय तहमा सञ्चालन हुने विशेष अनुदान पशुपालन प्रवर्धन कार्यक्रम

अनुसूची-२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

प्रस्ताव आव्हानको सूचना

....... प्रकाशन मिति........

यस कार्यालयको आ.व. ........................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "स्थानीय तहमा हस्तान्तरण भएको सशर्त वित्तीय संघिय मन्त्रालय मार्फत स्थानिय तहमा सञ्चालन हुने विशेष अनुदान पशुपालन प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम देहायका कार्यक्रमहरु साझेदारी गर्न इच्छुक निजी फर्म, उद्यमी, समूह, सहकारी तथा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ......... औं दिनको कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नहुन आव्हान गरीन्छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरीने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रमको नाम | सङ्ख्या | अनुदान रकम रु | कार्यक्रम लागू हुने क्षेत्र | लक्षित वर्ग/समुदाय |
|---|---|---|---|---|---|
| | | | | | |

निवेदन, संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागी फोन न ........................मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरीन्छ।

अनुसूची-३
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
प्रस्ताव मूल्याङ्कन फारम

| क्र.स. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | आवश्यक कागजातहरुको संलग्नता | ६ |
| २. | लक्षित वर्ग, क्षेत्र र मापदण्डको अनुरुप आवेदकको उपयुक्तता | १२ |
| ३. | प्रस्तावित कार्ययोजना अनुरुपको सामाजिक, भौगोलिक र वातावरणीय उपयुक्तता | १२ |
| ४. | कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल | १५ |
| ५. | कार्ययोजनामा लागत साझेदारीको आँकलन | ५ |
| जम्मा | | ५० |

अनुसूची–४
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
निवेदनको ढाँचा

मितिः

श्री प्रमुख,
........................

विषयः प्रस्ताव पेश गरीएको बारे।

तहाँ कार्यालयको मिति............ गतेको सूचना अनुसार ................... कार्यक्रममा साझेदारी गर्न इच्छुक भई प्रस्तावित कार्ययोजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु। कार्यक्रममा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु।

निवेदकको
नामः
दस्तखतः

प्रस्तावकको नाम र थर
स्थायी ठेगानाः
प्रस्तावित कार्यक्रमको नाम
कार्यक्रम सञ्चालन हुने स्थान :

## संलग्न कागजातहरुको सूची

(क) निवेदकको नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि,
(ख) आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको कागजातको प्रमाणित प्रतिलिपि,
(ग) कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने कागजात,
(घ) सहकारी सस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि,
(ङ) सङ्घ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि,
(च) निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेशनको प्रतिलिपि,
(छ) लाभग्राही कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि,
(ज) लाभग्राहीको कार्य समितिका पदाधिकारीहरुको नामावली,
(झ) यसै प्रकृतिको कार्यका लागि विगत दुई (२) वर्ष देखि अनुदान नलिएको स्व-घोषणा पत्र,
(ञ) कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको आवश्यकता अनुसार अन्य कागजातहरु,
ट) निरन्तर सञ्चालन हुने कार्यक्रमको हकमा, विगतका वर्षमा छनौट भई कार्यक्रममा सहभागी भएका कृषकले बुँदा नं. (झ) को कागजात पेश गर्नुपर्ने छैन।

अनुसूची-५
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
संक्षिप्त कार्ययोजना

१. आवेदकको विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| ठेगाना | |
| सम्पर्क नम्बर | |
| दर्ता भएको भए दर्ता गर्ने निकाय र मिति | |

२. हालको व्यवसायिक संलग्नता

| | |
|---|---|
| हाल संलग्न व्यवसायको नाम | |
| सञ्चालित क्रियाकलापहरु | |
| क्र.स. | हाल सञ्चालित क्रियाकलापहरु |
| | |
| | |
| | |
| | |
| | |

मूख्य उत्पादन र कारोवार विवरण

| हाल उत्पादन गर्ने गरीएका वस्तुहरु | वार्षिक परिमाण | कारोबार रकम |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

| | |
|---|---|
| व्यावसायबाट सिर्जित रोजगारी सङ्ख्या | |

३. प्रस्तावित व्यावसायको विवरण

<table>
<tr><td colspan="3">सञ्चालन गरीने व्यवसाय</td><td colspan="3"></td></tr>
<tr><td colspan="6">सञ्चालन गरीने क्रियाकलापहरु</td></tr>
<tr><td>क.स.</td><td>प्रस्तावित क्रियाकलापहरु</td><td>इकाई</td><td>परिमाण</td><td>दर</td><td>कुल लागत</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="6">लागत साझेदारी विवरण</td></tr>
<tr><td colspan="3">आवेदकले व्यहोर्ने रकम रु.</td><td>अनुदान रकम रु.</td><td colspan="2">कुल जम्मा रु.</td></tr>
<tr><td colspan="3"></td><td></td><td colspan="2"></td></tr>
</table>

४. प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हासिल हुने अपेक्षित उपलब्धिहरु

क.

ख.

ग.

घ.

अनुसूची–६
(दफा ७ सँग सम्बन्धित)
द्विपक्षीय सम्झौताको ढाँचा

आर्थिक वर्ष................. को सशर्त कार्यक्रम...................................... सञ्चालन गर्न आज मिति...............को दिन श्री ........................................ कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ............................................(यसपछि दोस्रो पक्ष भनिने) विच तपसिल बमोजिमका शर्तको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न यो द्विपक्षीय सम्झौता सम्पन्न गरीयो।

तपसिल
क. प्रथम पक्षको दायित्व
१. यस सम्झौता अनुसारको कार्यक्रम सञ्चालनका लागि रु............................ (अक्षरुपी ............................ रुपैंया मात्र) नियमानुसार करकट्टी गरी दोस्रो पक्षको.................................... बैंकमा रहेको खाता नं. मा अनुदान रकम भुक्तानी गर्ने।
२. आवश्यकता अनुसार सञ्चालन भएको कार्यक्रमको अनुगमन तथा निरीक्षण गरी सम्झौता बमोजिम गर्न आवश्यक सल्लाह सुझाव दिने।
३. दोस्रो पक्षबाट अनुदान रकमको दुरुपयोग हुनसक्ने देखेमा एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षीय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सिफारिस गर्न सक्ने।

ख. दोस्रो पक्षको दायित्व

......................... जिल्ला................................. गाउँपालिका/नगरपालिका/उप-महानगरपालिका/महानगरपालिका वडा नं.... को ............................ स्थानमा आर्थिक वर्षको अन्त्यसम्ममा कार्यक्रम सम्पन्न गर्ने।
२. प्रथम पक्ष समक्ष पेश भई स्वीकृत भएको संक्षिप्त कार्ययोजना अनुसारका सम्पूर्ण क्रियाकलापहरु प्राविधिक मापदण्डको अधिनमा रहि सम्पन्न गर्ने।
३. निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने जग्गा, डिजाइन, इस्टिमेट, सुपरभिजन, निर्माण सामग्री खरिद तथा ढुवानी लगायतका सम्पूर्ण कार्यको व्यवस्थापन गर्ने।
४. कार्यक्रम सञ्चालन का दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरीने कार्य तथा अप्रत्याशित रुपमा श्रृजना हुने सम्पूर्ण दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुने।
५. कार्यक्रमको प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु त्रैमासिक रुपमा प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउने।
६. कार्यक्रम सञ्चालन स्थलमा सबैले देखे गरी अनुसूची-१२ बमोजिमको सूचना पाटी अनिवार्य रुपमा राख्नु पर्ने।

## दुवै पक्षको दायित्व

१. कार्यक्रम सञ्चालनको दौरान कुनै परिमार्जन गर्नुपरेमा वा कुनै विवाद उत्पन्न दुवै पक्षको आपसी सहमति अनुसार गर्नुपर्नेछ।

२. यस सम्झौता तथा कार्यविधिमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |

| | |
|---|---|
| रोहबर | रोहबर |
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत........................... साल.............................. महिना गते रोज.........शुभम् ।

## अनुसुचि – ७

विशेष अनदान बाट तपशिलका समुदाय जात जाति क्षेत्र,लिङ्ग लाभान्भित हुने छन् ।

लपशिल

| क्र.स. | लिङ्ग | | लाभान्वीत सामुदायीक जातजाती | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिलमा | पुरुस | वाहुन | क्षेत्री | दलित | जनजाती | लोपुन्मुख | अल्पसंख्यक | एकल महिला | अपाङ्गता |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची – ८
प्रगती प्रतिवेदनको ढाँचा

कार्यक्रम कार्यानयन गर्ने स्थानीय तहको नाम:
ठेगाना :
जिल्ला:
प्रदेश:
Emai:l
जिम्मेवार पदाधिकारीको नाम र सम्पर्क नम्बर:

| क्र. स. | कार्यक्रमको नाम | कार्यक्रम संचालन भएको स्थान (गाउँपालिका वडा नं | कुल लागत रकम | चालु आ व मा कुल विनियोजन रकम | .... अवधिको लक्ष्य | | ....... अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने

प्रमाणीत गर्ने

अनुसूचि – ९
( अनुसूचि – ६ संग सम्बन्धित)
सूचना पाटीको ढाँचा
(साइज. ३ फिट x २ फिट)

......................प्रादेशिक निकाय/स्थानीय तहको नाम :

१.विशेष अनुदान कार्यक्रमको नाम :
२. अनुदानग्राहिको नाम :
३. ठेगाना :
४. कार्यक्रमको कुल लागत रु :
५. अनुदान रकम रु :
६. अनुदान ग्राहिको योगदान रु :

आज्ञाले
धमेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत